नेपाल सरकार

# खानेपानी मन्त्रालय

फोन नं.: ४२११४३३
फ्याक्स: ९७७-१-४२११६९३
सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या :-
चलानी नं. :-

मितिः २०८०।१०।२

## मेलम्ची खानेपानी वितरण सम्बन्धमा खानेपानी मन्त्रालयको

## हार्दिक अपिल

मिति २०८०।१०।१ गते सोमबारबाट विधिवत् रूपमा काठमाडौं उपत्यकाभित्र मेलम्चीको खानेपानी वितरण भईरहेको छ । मेलम्ची खानेपानी सर्वसुलभ रूपमा सबै उपत्यकाबासीको घरघरमा सन्तुलित र समानुपातिक हिसाबले वितरण गर्न मन्त्रालय प्रयत्नशील छ । मेलम्ची खानेपानीको नयाँ पाइप लाइन परीक्षण सम्पन्न भएका स्थानहरूमा नयाँ वितरण सञ्जालबाट तथा परीक्षण नभएका स्थानहरूमा पुरानै वितरण सञ्जालबाट वितरण भईरहेको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ । मेलम्चीको खानेपानी सन्तुलित रूपमा वितरण भए/नभएको जानकारी गराउने, पानी वितरण क्रममा कुनै स्थानमा चुहावट भए सोको जानकारी लिने, पानी नआएको स्थानको जानकारी लिने, धमिलो पानी आएको लगायतका विभिन्न विषयहरूमा अनुगमन गर्ने उद्देश्यले मेलम्ची खानेपानी विकास समिति, आयोजना कार्यान्वयन निर्देशनालय तथा काठमाडौं उपत्यका खानेपानी लिमिटेडका प्रतिनिधिहरू सम्मिलित प्रारम्भिक चरणको लागि नेपाल सरकार (मन्त्रिस्तर) को मिति २०८०।९।२८ को निर्णयानुसार देहायको समस्या समाधान सहजीकरण समिति गठन भएको हुँदा पानी वितरण क्रममा कुनै समस्या देखिए वा कुनै घटना घट्न गएमा देहायका पदाधिकारीहरूलाई सम्पर्क गर्न अनुरोध गरिन्छ।

देहायः

संयोजक- श्री पदम बहादुर कुँवर, सि.डि.ई, मेलम्ची खानेपानी विकास समिति (९८५१३२४११०)
सदस्य- श्री उमेशबाबु मरहट्ठा, उप-प्रवन्धक, के.यु.के.एल. (९८४१३५१५८५)
सदस्य- श्री विकेश बधानथ्याचे, सि.डि.ई, आयोजना कार्यान्वयन निर्देशनालय (९८०३०६२३६२)
सदस्य- श्री दिपेश ढकाल, का.प्र, के.यु.के.एल. (९८६०७४४६९६)

मेलम्ची खानेपानी आयोजनाको प्रशोधन केन्द्र सुन्दरीजलमा विश्व स्वास्थ्य संगठनको मापदण्ड बमोजिम प्रशोधन गरी प्रशारण गरिएको छ । पुराना वितरण पाइप लाइनहरू लामो समयसम्म सञ्चालन नहुँदा पाइपमा रहेको माटोको अवशेषका कारण पानी वितरण क्रममा केही समय पानी धमिलो आउनसक्ने भएता पनि फ्लसिङ (Flushing) सँगै क्रमशः सफा पानी प्रवाह हुने भएकोले खानेपानीको गुणस्तरमा शंका नगर्न र वाहिरी हल्लाहरूको पछि नलाग्न हुन मन्त्रालय र मन्त्रालय मातहतका खानेपानी उत्पादन र वितरणसँग सम्बन्धित निकायहरू सबैमा हार्दिक अपिल गर्दछ ।

...........................
(प्रवक्ता)